मिति २०७६।१०।०६

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन तथा रकम विनियोजन सम्वन्धमा ।
२. विद्यालय व्यवस्थापन समितिको गठन सम्वन्धमा ।
३. आर्थिक सहायता सम्वन्धमा ।
४. वडा नं. ५ मा मंसुरको घर देखि असन्वा पुरानो जाने सडक निर्माण तथा सडक ढलान योजनाको भुक्तानी सम्वन्धमा ।
५. योजना सम्झौता गर्ने सम्वन्धमा ।
६. दन्त शिविरको भुक्तानी दिने सम्वन्धमा ।
७. रकम विनियोजन सम्वन्धमा ।
८. विभिन्न मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धमा ।
९. आधारभुत स्वास्थ्य सेवा केन्द्रको मर्मत सम्भार सम्वन्धमा ।
१०. लखनदेही नदीमा तटवन्धको रकम भुक्तानी सम्वन्धमा ।
११. कार्यपालिकाको सदस्यहरुलाई मोवाईल किनी दिने सम्वन्धमा ।
१२. सि.सि. क्यामरा खरिद सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका सार्वजनिक सुनुवाई कार्यक्रम संचालन तथा रकम विनियोजन सम्वन्धी प्रस्तावमा छलफल गर्दा चौथो नगरसभाको पेज नं. ३७ को सि.नं. ३३ मा कार्यक्रम खर्च (लैंगिक बजेट परिक्षण, चौमासिक तथा वार्षिक समिक्षा र अन्तर न.पा. अवलोकन भ्रमण सुशासन सम्वन्धी कार्यक्रम, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, वार्षिक बजेट तथा कार्यक्रम प्रकाशन आदि) कार्यक्रमबाट रु. ५,००,०००।०० र वडा नं. १ को चालु खर्च सि.नं. ४ मा रु. ७५,०००।००, वडा नं. २ को चालु खर्च सि.नं. ६ मा रु. ५०,०००।०० र वडा नं. ६ को चालु खर्च सि.नं. ४ मा रु. ७५,०००।०० गरी जम्मा रकम रु. .७,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो र साथै सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका विद्यालय व्यवस्थापन समितिको गठन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको सम्पुर्ण विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन तथा पुनर्गठन गर्न ३० दिनको म्याद दिई विद्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका आर्थिक सहायता सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत विभिन्न खेलकुद, सशस्त्र प्रहरीवल, विरामीहरु, घर तोडफोड भएकाहरुलाई देहाय बमोजिम रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.सं. | नाम | कामको विवरण | रकम रु. |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी वल फरहदवा | गाडी मर्मत (सामाजिक संस्था सहायताबाट) | ८०,०००।०० |
| २ | विर बहादुर बस्नेत | प्यारालाइसिस | १०,०००।०० |
| ३ | श्री लक्ष्मीनाथ जनता आधारभुत विद्यालय हरिपुर, चिताईन | रजत जयन्ती | ३०,०००।०० |
| ४ | थारु कला संस्कृति अध्यक्ष श्री अनिल कुमार चौधरी | माघी महोत्सव कार्यक्रम | ३०,०००।०० |
| ५ | श्री लक्ष्मीनाथ युवा क्लव चिताईन | चिताइन मेलामा भलिवल प्रतियोगिता (प्रदेश नं. २ स्तरिय भलिवल प्रतियोगीता) खेलकुद शिर्षकबाट | १,००,०००।०० |
| ६ | लखनदेही एकता युवा क्लव हरिपुर-८ | जिल्ला स्तरिय फुटवल प्रतियोगिता | ४०,०००।०० |
| ७ | राजा युवा क्लव-५ हरिपुर | जिल्ला स्तरिय फुटवल प्रतियोगीता | ७५,०००।०० |

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका वडा नं. ५ मा मंसुरको घर देखि असन्वा पुरानो जाने सडक निर्माण तथा सडक ढलान योजनाको भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ मा मंसुरको घर देखि असन्वा पुरानो बाटोसम्म जाने सडक निर्माण तथा सडक ढलान योजनामा उच्च अदालत जनकपुरमा रिट नं. ७५W००४२६ इजलास नं. १ निर्णय नं. १८ फिर्ता मिति २०७६।०५।०३ गते उच्च अदालत जनकपुरको निषेधाज्ञा बादी रहमान अंसारीको छोरा सतार अंसारी भएको प्रतिवादी हरिपुर ५ उपभोक्ता समिति र कार्यालय समेतको मुद्दा खारिज भई योजनाको काम २०७६।०२।३० गते सम्पन्न भई सकेकोले र ५ नं. वडा कार्यालयको च.नं. ३५६ मिति २०७६।०८।२५ गते रकम भुक्तानीको सिफारिस, उपभोक्ता समितिको निर्णय र वडा समितिको सिफारिस समेत भएकोले विल भरपाई र प्राविधिक मुल्यांकन बमोजिम रकम मंसुरको घर देखि असन्वा पुरानो जाने सडक निर्माण तथा सडक ढलान उपभोक्ता समिति हरिपुर-५, सर्लाहीलाई देहायको रकम दिने निर्णय गरियो ।

| क्र.सं. | कुल लागत | नगरपालिका | मुल्यांकन | जम्मा भुक्तानी गर्नुपर्ने रकम न.पा.बाट | लागत सहभागिता | कन्टेजेन्सी | रंनिंग विल | खुद पाउने रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०,७०,८६०।२८ | १०,००,००० | १०,३५,३८०,१४ | ९,३४,५१९।८६ | १,००,८६०।२८ | ३०,००० | ४,२५,८५१।३३ | ५,०८,६६८।५३ |

हरिपुर नगरपालिका, सर्लाही

मिति २०७६।१०।०६

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको योजना सम्झौता गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरकार्यपालिकाको मिति २०७६ मंसिर ३० गतेको वैठकको निर्णय नं. ५ को १०,००,०००।०० (दश लाख) वडा नं. ४ हरैया चौक देखि नहर सम्म कालोपत्रे भएको ठाउँमा माटोपुर्ने कार्यको लागि मिति २०७६।०९।०२ गते हरिपुर वडा नं. ४ का वडाध्यक्ष श्री गुणेश प्रसाद साहज्युको अध्यक्षतामा चालु आ.व. २०७६।०७७ नगरस्तरिय स्वीकृत योजनाको उपभोक्ता समिति गठन गरी ४ नं.वडा कार्यालय हरैयाको च.नं. ३१४ मिति २०७६।०९।२२ गतेको योजना सम्झौता गर्ने सिफारिस पत्र र प्राविधिक लागत अनुमान, डिजाईन अनुसार योजना सम्झौता गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको दन्त शिविरको रकम भुक्तानी दिने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ को सार्वजनिक अधारभुत विद्यालय लक्ष्मीपुरमा मिति २०७६ पुस १२ र १३ गते दन्त विज्ञ डाक्टरहरुलाई बोलाई दन्त शिविर संचालन गरिएकोमा नगरसभाको पेज नं. ३७ को सि.नं. ३५ खर्च शिर्षक नं. २२५२९ को रु. ९,००,०००।०० मध्ये दन्त सिविर संचालन गर्न रकम रु. ३,००,०००।०० स्वास्थ्य शाखाको कर्मचारी श्री रामनरेश ठाकुर मार्फतलाई भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको रकम विनियोजन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कार्यालयको भवन अपुग भएको हुँदा २ कोठे भवनको माथील्लो तल्लामा २ कोठा थप गर्नको लागि रकम रु. ११,००,०००।०० र सार्वजनिक शौचालय, कम्पाउण्डवाल., न्यायीक समितिको कार्यालय र भण्डार कोठा सहित गेट निर्माण गर्न रु. १९,००,०००।०० कालोपत्रेको ठेक्काबाट बाँकी रहेको रकमबाट निर्माण गर्ने र पाँचौ नगरसभाबाट अनुमोदन हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको विभिन्न मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको देहायका वडाहरुको बाटो मर्मत सम्भार गरेको रकम र आन्दोलनबाट टुटफुट भएको नगरपालिकाको २ कोठे भवनको झ्याल ढोका, सभाहलको ढोका ,झ्यालको सिसा र भर्यांगको भेन्टीलेसनको सिसा र दर्ता चलानी फाँटको सिसाको मुल्यांकन बमोजिमको देहाय बमोजिमको रकम काम सम्पन्न भएकोले निम्न ब्यक्तिहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. स्थान | रकम रु. | भुक्तानी दिने ब्यक्तिको नाम |
|---|---|---|---|---|
| १ | उखु किसानको बाटोमा | वडा नं. १ | ९९,५००।०० | वडा सचिव |
| २ | बाटो मर्मत सम्भार | वडा नं. ६ | १,२२,५८०।८९ ( नगरपालिकाको गाडीको रकम | तमन्ने मंसुर |

| | | | | |
|---|---|---|---|---|
| | | | कट्टा गरी बाँकी रकम भुक्तानी दिने | |
| ३ | हयुम पाइप जडान-३ वटा | वडा नं. ८ जगतपुर प्रावि देखि नहर सम्म | १,५०,०००।०० भुक्तानी | पुरानो उपभोक्ता समितिलाई प्रदेश सरकारको कार्यक्रमबाट बाँकी रकमबाट दिने |
| ४ | ग्रील र सिसा (पेज नं. ३७ सि.नं. २१ निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च) | नगरपालिका भवन | ९८,७४६।८० | नगरपालिकाका चौंकीदार राम नारायण साह मार्फत |
| ५ | छट पुजा कार्यक्रम | चौथो नगरसभाको पेज नं. ४२ सि.नं. चालु खर्च सि.नं. १३ को धार्मीक सांस्कृतिक विकास (गढीमाई तथा छट) रु. १,००,०००।०० मा छट पुजा कार्यक्रमको लागि ६०,०००।०० र गढीमाईको लागि रु. ४०,०००।०० | ६०,०००।०० | अध्यक्ष राम पुकार साह |
| ६ | हरैया चौकको पुल निर बाटो मर्मत सम्भार ( वडाध्यक्ष मार्फत) काम गराएको | वडा नं. ४ | ५०,०००।०० | वडा कार्यालय मार्फत |

## निर्णय नं. ९

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका आधारभुत स्वास्थ्य सेवा केन्द्रको मर्मत सम्भार सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ को आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई मर्मत सम्भार गरे वापत प्राविधिक मुल्यांकन बमोजिम रकम रु. २,७१,००७।१६ चौंथो नगरसभाको पेज नं. ३७ को सि.नं. ५३ मा सामाजिक संस्था सहायताको रकम रु. १०,००,०००।०० बाट स्वास्थ्य शाखाका कर्मचारीबाट तुरुन्त काम गर्ने गरी निकासा दिने निर्णय गरियो ।

## निर्णय नं. १०

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका लखनदेही नदीमा तटवन्धको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाबाट लखनदेही नदीमा तटवन्ध निर्माणको लागि तेस्रो नगरसभाबाट विनियोजन भएको रु. २०,००,०००।०० (विस लाख) को रकमबाट गत आ.व. २०७५।०७६ मा नै काम सम्पनन भएको र भुक्तानी दिनु भन्दा अगाडी असारमा आएको भिषण वर्षाको कारणले लखनदेही नदीमा बाढी आई लगाएको तार जाली केही पुरको र बाँकी तार जाली हाल सम्म रहेको हुँदा बाँकी रहेको कामको हालको मुल्यांकन गरी सो मुल्यांकन बरावरको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

मिति २०७६।१०।०६

## निर्णय नं. ११

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका कार्यपालिकाको सदस्यहरुलाई मोवाईल किनी दिने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको नगरकार्यपालिकाको सदस्य ८ जनालाई नगरपालिकाको वैठक तथा कामकाजको लागि सम्पर्क र समन्वय गर्नको लागि ८ जनालाई १-१ थान मोवाईल खरिद गरी दिर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएका सि.सि. क्यामरा खरिद सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत नगरपालिका कार्यालयमा र हरिपुर बजार क्षेत्रमा सि.सि. क्यामरा खरिद गरी जडान गर्नको लागि चौथो नगरसभाको पेज नं. ३६ को पुँजीगत खर्चको सि.नं. २४ मा भैपरी आउने खर्च रकम रु. ५०,००,०००।०० लाख मध्ये रकम रु. १०,००,०००।०० (दश लाख) विनियोजन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही